Gov. Reg.No 149/053/054

# नेपाल मानव अधिकार संगठन

## HUMAN RIGHTS ORGANISATION OF NEPAL

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
Central Office, Anamnagar, Kathmandu

Estd. 1988 A.D. (2045 B.S.)

मिति- २०७५ /५/ ८

*प्रेस विज्ञप्ती*

## वास्तविक हत्यारा र वलात्कारीलाई पकाउ गरी कारवाही गर्न संगठनको माग

कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका -२ उल्टाखाम निवासी १३ वर्षीय निर्मला पन्त २०७५ साउन १० गते दिउसो २.०० वजे हराएकीमा शुक्रवार विहान उनको सव वलात्कार पछि हत्या भएको अवस्थामा भेटिएको थियो । साउन १० गतेको यो भयानक घटनामा आवश्यक अनुसन्धान गरी दोषीलाई कडा भन्दा कडा कारवाही गर्न आजका मितिसम्म पनि स्थानिय प्रशासन एवं सरकारको उदासिनता प्रति संगठनको गंभिर ध्यानाकर्षण भएको छ ।

यतीका दिनसम्म केही गर्न नसकेको प्रशासनले भाद्र ४ गते वलात्कार र हत्याको अभियूक्त भन्दै मानसिक सन्तुलन गुमाएका ४१ वर्षीय दिलिप सिहं विष्टलाई पकाउ गरी सार्वजनिक गरेको छ । निज विष्ट वास्तविक हत्यारा नभएको र वास्तविक हत्यारालाई वचाउन उसलाई खडा गरिएको भन्दै फेरी भाद्र ५,६र७ गते लगातार नाराजुलुस भई रहेका छन् र जन आक्रोस वढेको छ ।

भाद्र ७ गे, गृह मन्त्रालयले छानविन समिति गठन गर्नुका साथै प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुख परिवर्तन गरे पनि अनुसन्धानमा तदारुकता आएको छैन , विहिवारमात्र सयौं सेल अश्रुग्याँस प्रहार , कर्फ्यू जारी लगायत जनता र प्रहरी विच झडप हुँदा दर्जनौं सर्वसाधारण घाईते भएको विषय आमरुपमा सामाजिक एव राजनीतिक चासोको विषय वनेको छ ।

प्रहरीले राजनैतिक नेत्रित्व, प्रशासन एवं अपराधिको दावावमा परी वास्तविक अपराधीलाई उन्मुक्ती दिनखोजेको आम शंका निवारण हुनै पर्दछ । सर्वसाधारणको जुलुसमा अतिवल प्रयोग अन्य हुनु पर्दछ । गठित छानविन समिति राजनीतिक दवाववाट मुक्तभई सत्यतथ्य पत्ता लगाउन र वास्तविक हत्यारा एवं वलत्कारीलाई पकाउ र कानुनी कारवाही गर्न एवं जन-आक्रोसलाई सम्मान गर्न संगठन नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

भवदीय

ईन्द्र प्रसाद अर्याल

अध्यक्ष